२०७९।०२।१९

<u>प्रस्तावहरू:</u>

१. कार्यपालिका सदस्यहरूको शपथ ग्रहण सम्बन्धमा।

२. परिचयात्मक कार्यक्रम सम्बन्धमा।

३. अभिमुखीकरण सम्बन्धमा।

४. विभिन्न समिति गठन सम्बन्धमा।

५. प्रवक्ता छनोट सम्बन्धमा।

६. विद्युत प्रसारण लाइन सम्बन्धमा।

७. आर्थिक सहयोग सम्बन्धमा।

८. झाँगे देउराली गहलाम सडकको रकम भुक्तानी सम्बन्धमा।

९. सिफारिस सम्बन्धमा।

१०. स्वास्थ्य बीमा कार्यक्रमको अपुग रकम सम्बन्धमा।

निर्णयहरु:

माथिका प्रस्तावहरु माथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो।

निर्णय नं. १

कार्यपालिकाको सदस्यमा निर्वाचित हुनुभएका सदस्यहरु टिकीसरा भट्टराई, हुमादेवी सार्की, लोकबहादुर सुनार, प्रेम सिंह बोटे, दिपा सिंजाली, रूपमाया रानाज्यूहरूलाई गाउँपालिका अध्यक्ष खिम बहादुर थापाज्यूबाट पद तथा गोपनियताको शपथ ग्रहण कार्यक्रम सम्पन्न गरियो।

निर्णय नं. २

निर्वाचित गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष लगायत सम्पूर्ण कार्यपालिका सदस्यहरूबीच परिचयात्मक कार्यक्रम सम्पन्न गरियो।

निर्णय नं. ३

गाउँपालिका अध्यक्ष खिम बहादुर थापाज्यूबाट वडा अध्यक्ष एवं कार्यपालिका सदस्यहरूलाई कामकर्तव्य, अधिकार र जिम्मेवारीबारे संक्षिप्त अभिमुखीकरण कार्यक्रम सम्पन्न गरियो।

निर्णय नं. ४

तपसिल बमोजिम समिति गठन गर्ने निर्णय गरियो।

- **स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६५ (१) बमोजिम (राजस्व परामर्श समिति)**

गा.पा. उपाध्यक्ष संयोजक

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| कार्यपालिका सदस्य श्री लोक बहादुर सुनार | सदस्य |
| २ नं. वडाध्यक्ष श्री खगिसरा आले | सदस्य |
| उद्योग वाणिज्य संघको प्रतिनिधि | सदस्य |
| घरेलु तथा साना उद्योग प्रतिनिधि | सदस्य |
| राजस्व शाखा प्रमुख | सदस्य सचिव |

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ (१) बमोजिम स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति

| | |
|---|---|
| गा.पा. अध्यक्ष | संयोजक |
| गा.पा. उपाध्यक्ष | सदस्य |
| ४ नं. वडाध्यक्ष श्री यादव प्रसाद पाण्डेय | सदस्य |
| कार्यपालिका सदस्य श्री हुमादेवी सार्की | सदस्य |
| कार्यपालिका सदस्य श्री दिपा सिंजाली | सदस्य |
| कार्यपालिका सदस्य श्री प्रेम सिंह बोटे | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६७ (१) बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा समिति

| | |
|---|---|
| गा.पा. उपाध्यक्ष | संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| विषयगत कार्यपालिका सदस्यहरु | सदस्य |
| योजना शाखा प्रमुख | सदस्य सचिव |

निर्णय नं. ५

गाउँपालिकाको प्रवक्ताको रुपमा वडा नं. १ को वडाध्यक्ष श्री कृष्ण बहादुर लामिछानेलाई जिम्मेवारी दिने जिम्मेवारी दिएवापत मासिक थप ७ लिटर इन्धन खर्च उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ६

कालीगण्डकी 'ए' जलविद्युत केन्द्रबाट उत्पादित विद्युत कालीगण्डकी गाउँपालिकालाई सिधा प्रसारण लाइन मार्फत उपलब्ध गराउन नेपाल विद्युत प्राधिकरण कालीगण्डकी 'ए' जलविद्युत केन्द्र, बेल्टारीमा माग गर्ने र विद्युत प्रसारण लाइन वरपर रहेका रुखहरु नेपाल विद्युत प्राधिकरण विद्युत वितरण उपकेन्द्र, मिर्मीसँग समन्वय गरी कटान गर्ने निर्णय गरियो।

निर्णय नं. ७

क. कालीगण्डकी-४, आमा सहकारीमा भएको क्षतिको विवरण यकिन गर्न प्राविधिक खटाउने र प्राप्त प्रतिवेदनको आधारमा अर्को बैठकमा पेश गर्ने निर्णय गरियो।

ख. कालीगण्डकी-४, जनता एकता क्लब कट्टी गाउँद्वारा सञ्चालित खुल्ला भलिबल प्रतियोगिताको लागि आर्थिक सहायता शिर्षकबाट स्रोत व्यहोर्ने गरी रू.३५,०००।- (पैंतिस हजार रूपैयाँ) रकम विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं. ८

झाँगे देउराली गहलाम सडकको रकम भुक्तानीको लागि निवेदन पेश भए अनुसार ३०,२१,८८७।- (तीस लाख एक्काइस हजार आठ सय सतासी रुपैयाँ) समपूरक कोषबाट भुक्तानी दिने र गण्डकी प्रदेश सरकारबाट प्राप्त गर्न बाँकी रकम माग गर्ने निर्णय गरियो।

निर्णय नं. ९

कालीगण्डकी गाउँपालिकामा औधोगिक ग्राम स्थापना गर्ने केन्द्रीय सरकारको र यस गाउँपालिकाबाट निर्णय भएअनुसार वडा नं. ५ स्थित बाँसटारीमा औधोगिक ग्राम स्थापनाका लागि (Contract id: KLGD-W-NCB-HTL-04-077-78) 3 phase HT Line विद्युत प्रसारण लाईनका लागि मिति २०७८।०२।१९ मा यस कालीगण्डकी गाउँपालिका र जी.यस. इन्जिनियरिङ्ग एण्ड बिल्डर्स, पोखरा, कास्कीबीच रू.२०,८८,०६७.५०।- को सम्झौता भएको र मिति २०७८ असार १९ सम्पन्न हुने गरी सम्झौता भई बारम्बार म्याद थप भएकोमा म्याद थप पश्चात पनि हालसम्म भौतिक प्रगति शुन्य रहेको हुँदा उक्त फर्मको जमानत जफत गरी कालो सूचिमा समावेश गर्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गर्ने निर्णय गरियो।

निर्णय नं. १०

गाउँपालिकाका नागरिकहरुको निःशुल्क स्वास्थ्य बीमा कार्यक्रमको लागि अपुग रकम रु.७,००,०००।- (सात लाख रुपैयाँ) चालु तर्फको आर्थिक सहायता शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो।